कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## खाद्य पदार्थ नष्ट गरिएको सम्बन्धी प्रेस नोट

यस विभागबाट काठमाडौं जिल्ला चन्द्रागिरी न.पा-१२ स्थित महालक्ष्मी दालमोठ उद्योगको मिति २०८२/०८/०५ मा गरिएको अनुगमन तथा उद्योगबाट ऐन बमोजिम संकलन गरिएको दालमोठको नमुना प्रयोगशालामा परिक्षण गर्दा न्युनस्तरको खाद्य पदार्थ हुन गएको हुँदा अनुगमन टोलीले अर्को आदेश नभए सम्मको लागि उद्योगबाट हुने सम्पूर्ण बिक्री वितरण रोक्का राखी उद्योगको उत्पादन बन्द गरेको साथै उक्त उद्योगबाट मिति २०२५/११ मा उत्पादित ०३ ब्याच नं को सबै मिक्स दालमोठ (भालेश्वोर ब्रान्ड, ६०० ग्राम) बजारबाट तत्काल फिर्ता गर्न भनि विभागबाट मिति २०८२/०९/११ मा आदेश जारी गरिएकोमा मिति २०८२/०९/१८ गते स्थानीय जनप्रतिनिधि सहितको रोहबरमा रोक्का राखिएको १०२ बोरा दालमोठ (२५ प्याकेट प्रति बोरा) र उद्योगले रिकल गरी राखेको १ बोरा २३ प्याकेट गरी अन्दाजी मूल्य रु. ५,१९,६००/- (अक्षेरुपी रु. पाँच लाख उन्नाइस हजार छ सय रुपैयाँ मात्र) बराबरको जम्मा १०३ बोरा र २३ प्याकेट (कुल २५९८ प्याकेट) दालमोठ नष्ट गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

Bharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०९/२५